सभाध्यक्ष महोदय,
गाउँसभाका सदस्यहरु,

कोभिड १९ को कारण सिङ्गो मानव समुदाय महासंकटबाट गुज्रिरहेको विशिष्ट अवस्थामा यस गरिमामय गाउँ सभामा तुर्माखाँद गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहदा लोकतन्त्र, संघीयता, गणतन्त्र, न्याय, स्वतन्त्रता र जनताको मुक्तिका लागि भएका आन्दोलन तथा संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्ने समस्त ज्ञात अज्ञात अमर शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु र कोभिड १९ बाट मृत्यु भएकाहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा संक्रमित हरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

सभाध्यक्ष महोदय,
नेपालको संविधानले निर्धारण गरको संघीय शासन प्रणाली अनुरुप स्थानीय सरकारको रुपमा तुर्माखाँद गाउँपालिका क्रियाशील रहेको छ। स्थानीय स्तरमै जनतामा निहीत सार्वभौम तथा राजकीयसत्ताको अभ्यासबाट लोकतन्त्रको प्रबर्द्धन, विकास र समुन्नतिको लागि स्थानीय सरकारको अपरिहार्यता रहेको सन्दर्भमा कोभिड १९ ले सिर्जना गरेको संकटको व्यवस्थापनमा स्थानीय सरकारहरुले खेलेको भूमिकाबाट यसको थप महत्व उजागर भएको छ।

सभाध्यक्ष महोदय,
अछाम जिल्लाको दक्षिण पूर्वी भागमा अवस्थित कठिन भूबनोट भएको तुर्माखाँद गाउँपालिकाको समग्र विकासको लागि हाम्रा सामु थुप्रै कठिनाई र अवसरहरु विद्यमान छन्। संघीय शासन प्रणाली नेपालको लागि एक नवीन शासकीय प्रणाली भएको, नेपालको संविधानले बहुआयमिक र वृहत जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गरेको, यस्तो जिम्मेवारी दक्षतापूर्वक सम्पादन गर्न सक्ने संस्थागत क्षमताको पर्याप्त मात्रामा विकास भई नसकेको अवस्थामा विकास र सुशासन प्रतिको जनताका चुलिदा आकांक्षाहरुको सम्बोधन गर्ने चुनौतिहरु विद्यमान छन।

सभाध्यक्ष महोदय,
तुर्माखाँद गाउँपालिकाको आ.व .२०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन लगायतका संघीय कानूनहरु, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ तथा मार्गदर्शन, आवधिक योजना, दिगो विकास लक्ष्यलाई आधार बनाई कोभिड १९ को रोकथाम, नियन्त्रण तथा यसबाट सिर्जित असरहरुको न्यूनीकरण, पूर्वाधार विकास, सेवा प्रवाहमा सुधार, रोजगारी सिर्जना, शिक्षा र स्वास्थ्यको गुणस्तर र पहुँचमा अभिवृद्धि, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, अधुरा आयोजनाहरु सम्पन्न गर्ने विषयलाई केन्द्रविन्दुमा राखेको छु।

सभाध्यक्ष महोदय,

आ.व .२०७७/०७८ को लागि तय गरिएका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

## पूर्वाधार विकास

१. नेपाल विद्युत प्राधिकरणसंगको साझेदारीमा गाउँपालिकाको केन्द्र र आसपासका वडाहरुमा कमलबजारबाट र रहफ, भुलु, भैरवस्थान र रानीवनका केही भूभागमा दैलेख जिल्लाबाट केन्द्रीय विद्युत प्रशारण लाइन विस्तार गरिनेछ।

२. भैरवस्थान भुलु रहफ सडकको नयाँ ट्र्याक खोल्ने कार्यलाई निरन्तरता दिदै श्रममूलक प्रविधिको प्रयोग गरी विद्यमान सडकहरुको सुधार, स्तरोन्नति गरी बाह्रै महिना सञ्चालन हुने बनाइनेछ। गाउँपालिकाभित्रका सडकहरुको अधिकार क्षेत्र तोकी सडकको अधिकार क्षेत्रभित्र अनधिकृत रुपमा संरचना निर्माण कार्यमा रोक लगाइने छ। सडक निर्माण सम्बन्धी मापदण्ड तर्जुमा गरी विद्यमान तथा नयाँ निर्माण हुने सडकहरुलाई वातावरणमैत्री बनाइनेछ। संघीय सरकार र प्रदेश सरकारसंगको साझेदारीमा विद्यमान सडकहरुको स्तरोन्नति कार्यलाई प्राथमिकता दिइनेछ।

३. गाउँपालिका र वडा कार्यालयहरुको भवन निर्माण कार्यलाई प्राथमिकता दिइनेछ। आ.व. २०७७/०७८ मा संघीय र प्रदेश सरकारको स्रोत समेत परिचालन गरी प्रत्येक वडामा कम्तीमा एक विद्यालय भवन निर्माण गरिनेछ। विद्यालय भवनहरुको मर्मत सुधारको व्यवस्था मिलाइनेछ।

## आर्थिक विकास

४. संघीय र प्रदेश सरकारको साझेदारीमा बाख्रा, भैंसी र सम्भाव्य खाद्य वस्तुहरुको पकेट विकास कार्यक्रम सञ्चालन गरिनेछ। कृत्रिम गर्भाधान सेवालाई विस्तार गर्दै लगिनेछ। कृषकहरुको तथ्यांक अद्यावधिक गरी कृषक दर्ता कार्यको थालनी गरिनेछ। लागत साझेदारीमा बीउ बीजन, फलफूलका विरुवा वितरण गरिनेछ। कृषि र पशु बीमा कार्यलाई प्रोत्साहन गरिनेछ। बाख्रा स्रोत केन्द्रको स्थापना गरिनेछ।

५. गरिवी निवारण कोषद्वारा प्रबर्द्धित सामुदायिक संस्थाहरुको सहकारीकरण गरिनेछ। सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरी संस्थागत सुशासन अभिवृद्धि गरिनेछ। सहकारी संस्थाहरुको एकीकरणलाई प्रोत्साहन गरिनेछ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पारिश्रमिकमा आधारित सामुदायिक विकास कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल कार्यक्रममार्फत सूचीकृत बेरोजगारहरुलाई रोजगारी प्रदान गरिनेछ। उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरुमा श्रममूलक प्रविधिको प्रयोग गरिनेछ।

## सामाजिक विकास

७. अधुरो अवस्थामा रहेका विद्यालयहरुको निर्माण सम्पन्न गरिनुका साथै थप पक्की विद्यालय भवनहरु निर्माण गरिनेछ। विद्यालय भवनहरुको मर्मत सम्भारका साथै कक्षा कोठाहरुमा प्राथमिकताका साथ फर्निचर व्यवस्थापन गरिनेछ। विद्यालय शिक्षा अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ। विद्यालय र बालविकास केन्द्रहरु मर्ज, Downsizing गर्ने नीति अवलम्बन गरिनेछ। विद्यालयहरुको अनुगमन मूल्यांकनलाई प्रभावकारी बनाई निश्चित मापदण्डको आधारमा मूल्यांकन गर्ने परिपाटी विकास गरिनेछ। गाउँ शिक्षा समिति गठन गरी क्रियाशील बनाइनेछ। प्राविधिक शिक्षा सञ्चालनका लागि अनुदान सहयोग उपलव्ध गराइनेछ।

८. ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत खानेपानी, सरसफाई तथा स्वच्छता, सिचाई, जीविकोपार्जन प्रबर्द्धनका क्रियाकलापहरुलाई व्यापक रुपमा सञ्चालन गरिनेछ। खानेपानी आयोजनाहरुको दिगो सञ्चालन तथा मर्मत सम्भारका लागि नीतिगत व्यवस्था सहित खानेपानी,सरसफाई तथा स्वच्छता समिति गठन गरी आवश्यक बजेट व्यवस्था गरिनेछ।

९. स्वास्थ्य सेवाको गुणस्तर र पहुँच अभिवृद्धि गरिनेछ। सामुदायिक स्वास्थ्य इकाई भुलु, भैरवस्थानको च्युराखाँद र तुर्माखाँदको जैसुरमा वर्थिङ सेवा विस्तार गरिनेछ। धमाली र रहफ स्वास्थ्य चौकीमा ल्याव सेवा विस्तार गरिनेछ। धमाली स्वास्थ्य चौकीका लागि एम्बुलेन्स खरिद गर्नुका साथै विद्यमान एम्बुलेन्सहरुको सञ्चालनको व्यवस्था मिलाइनेछ। महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि उचित सम्मान, तालिम तथा प्रोत्साहनको व्यवस्था मिलाइनेछ। स्वास्थ्य संस्थाहरुमा फर्निचर लगायतका स्रोत साधनहरुको व्यवस्थापन गरिनेछ। औषधि उपचार सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ। कोभिड १९ को रोकथाम, नियन्त्रण तथा उपचारमा खटिने जनशक्तिका लागि जोखिम भत्ताको व्यवस्था मिलाइनेछ। प्रजनन स्वास्थ्य कार्यक्रम र स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

१० सुनौलो हजार दिनका महिला र किशोर किशोरीहरुको स्वास्थ्य अवस्था सुधारलाई प्राथमिकता दिई बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

११ कोभिड १९ को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्थानीय तह प्रकोप व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिने छ। कोभिड १९ ले जनजीवनमा पारेको असर न्यूनीकरण गर्न रोजगारी सिर्जना, कृषि क्षेत्रको विकासमा लगानी बढाइने छ।

१२ लक्षित वर्गको सहभागितामा वडा स्तरदेखि नै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## वन, वातावरण तथा विपद व्यवस्थापन

१३ वन तथा वातावरणको संरक्षणलाई प्राथमिकता दिइनेछ।

१४ भूकम्प प्रतिरोधी भवन निर्माणका लागि आवश्यक जनशक्ति विकास गर्न तालिम सञ्चालन गरिनेछ। नक्सा पास गरेर घर निर्माण गर्नु पर्ने नीति लिइनेछ। कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचार तथा अन्य विपदहरुको व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ।

### सुशासन तथा संस्थागत विकास

१५ आन्तरिक राजस्वका दरहरुको समसामयिक रुपमा पुनरावलोकन गर्दै राजस्वको दायरा विस्तार गरिनेछ। राजस्व संकलन, जिन्सी व्यवस्थापन, व्यक्तिगत घटना दर्ता, हाजिरी, योजना प्रणालीलाई विद्युतीय प्रविधिको प्रयोग गरी व्यवस्थित गरिनेछ। जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ। वडा कार्यालय र शाखा / इकाईहरुको कार्यसम्पादन मूल्यांकन गरी प्रोत्साहन गर्ने नीति लिइनेछ। सामाजिक सुरक्षा भत्ता सम्बन्धी अभिलेखहरु अद्यावधिक गरी भत्ता वितरण कार्यलाई थप पारदर्शी बनाइनेछ।

सभाध्यक्ष महोदय,

अन्तमा, आ.व २०७७।०७८ को नीति तथा कार्यक्रम तर्जुमामा सहयोग पुऱ्याउने र रचनात्मक सुझावहरु दिनुहुने राजनीतिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, गैरसरकारी संस्था, शिक्षक, बुद्धिजिवी, समाजसेवी लगायत सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयमा समेत रचनात्मक सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद ।